नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७६।७७ मिति: २०७६।०५।२९

चलानी नं. ९९

**विषय: नेपाल भ्रमण वर्ष, २०२० सम्बन्धी निर्णयहरुको कार्यान्वयन सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै ।
श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाहरु सबै ।
श्री गाउँपालिकाहरु, सबै ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प.सं. पवर्द्धन २०७६/०७७ च.नं. ७३ मिति २०७६/५/२३ को पत्रबाट माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको अध्यक्षतामा मिति २०७६।५।१० मा बसेको नेपाल भ्रमण वर्ष, २०२० को मूल आयोजक समितिको बैठकबाट देहायका निर्णयहरुको कार्यान्वयन स्थानीय तहहरुबाट हुने हुँदा उक्त निर्णयहरु कार्यान्वयनका लागि समन्वय गरिदिन अनुरोध भई आएकोले निर्णयहरु कार्यान्वियनको व्यवस्थाका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

निर्णयहरु:

१) नेपाल भ्रमण वर्ष, २०२० लाई भव्यताका साथ सम्पन्न गर्न प्रदेश सरकार, स्थानीय तह (गाउँपालिका/नगरपालिका) र पर्यटन क्षेत्रका संघ संस्थाले आफूले गर्ने सहकार्य र बजेटको कार्यक्रम १० दिनभित्र सचिवालयलाई उपलब्ध गराउने र सचिवालयले उक्त कार्यक्रम संकलन तथा सम्पादन गरी आगामी असोज १ गते सम्बन्धित प्रदेश सरकार, स्थानीय तह, गैर आवासीय नेपाली संघ र पर्यटन क्षेत्रका संघ संस्थासंग समझदारी (MOU) गरी कार्य गर्ने ।

२) नेपाल भ्रमण वर्ष, २०२० को प्रदेश स्तरमा प्रचार प्रसार तथा प्रवर्द्धन गर्न जिल्ला समन्वय समितिका प्रमुख संयोजक रहने गरी जिल्ला स्तरीय समिति जिल्ला समन्वय समितिले गठन गर्ने । साथै, सम्बन्धित स्थानीय तह (गाउँपालिका/नगरपालिका) ले आफ्नो क्षेत्रभित्र नेपाल भ्रमण वर्ष, २०२० को आवश्यक प्रचार प्रसार र प्रवर्द्धन गर्न प्रमुख/अध्यक्ष संयोजक रहने गरी एक समिति गठन गर्ने । उक्त समितिहरुमा पर्यटन सम्बन्धी निजी क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाउने ।

............
केशवराज पाधे
शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा: यस पत्रलाइ मन्त्रालयको web site मा upload गरिदिनुहुन अनुरोध छ ।
श्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन प्रवर्द्धन शाखा, सिंहदरबार, काठमाडौं ।